# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।०९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु बालवीर ठाकुर, हिरालाल मण्डलसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः

**क) तत्कालीन प्रमुख प्रशासकीय अधिकृत स्वर्गीय बालवीर ठाकुरको हकमाः**

महोत्तरी, बलवा नगरपालिका, वडा नं. ३ स्थित परिक्रमा रोडदेखि ईदरिश नदाफको घर हुँदै विजलवा टोलको तारगाछीसम्म पी.सी.सी. र मुस्लिम सामुदायिक भवन निर्माणको लागि बलवा नगरपालिका र उपभोक्ता समूह बीच सम्झौता भई उक्त योजनाको अन्तिम मूल्याङ्कन रू.४३,२०,४७९।०४ भएकोमा उपभोक्ता समितिलाई रू.३८,४१,१६२।५० भुक्तानी भएकोमा नापी किताबमा पी.सी.सी. ढलानको कार्यको परिमाण १७.११ घनमिटर उल्लेख भएतापनि स्थलगत निरीक्षण/नापजाँच गर्दा सो परिमाण ९.३६ घनमिटर गरिएकोले ७.७५ घनमिटर कम कार्य भई रू. १,०८,९५३।२२ बढी भुक्तानी दिई बदि्नयतपूर्वक नभए नगरेको कार्य देखाई भए गरेको भनी गलत नापी किताब र कार्य सम्पन्न प्रतिवेदनसम्म तयार गरी/गराई गलत भुक्तानी दिई/लिई भ्रष्टाचारजन्य कार्य गरेको पुष्टी भएकोले प्रतिवादी बलवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, महोत्तरीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत स्वर्गीय बालवीर ठाकुरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूर गरेको र नभए नगरेको कामलाई भए गरेको भनी कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरेको देखिँदा ऐ. ऐनको दफा १९ को उपदफा (२) को कसूर समेत गरेको देखिएता पनि निजको मिति २०७९।०४।२४ मा मृत्यु भएको भनी मृत्यु दर्ता प्रमाणपत्रबाट देखिंदा निज उपरको कसूरमा सजायको मागदावी नगरेको तर मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मृत्यु भएको व्यक्तिको हकमा समेत सरकारी वा निजी विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था भए बमोजिम बालवीर ठाकुरले जीवित अवस्थामा कसूर गरी प्राप्त गरेको विगो निजको शेष पछि हक खाने हकवाला अंशियारहरूबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम रू.१,०८,९५३।२२ असूल उपर गर्ने प्रयोजनको लागि बालवीर ठाकुरको हक खाने अंशियारहरू पलवी ठाकुर र रौनित ठाकुरबाट उक्त बिगो असूल उपर हुन।

**ख)** प्रतिवादीहरू **तत्कालीन सब-इन्जिनियर हिरालाल मण्डल र जितकुमार यादवको हकमाः**

प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूरमा ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रू.१,०८,९५३।२२ कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असूल उपर हुन साथै सो योजनामा नभए नगरेको कामलाई भए गरेको भनी कार्य सम्पन्न प्रतिवेदन बनाएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसूरमा ऐ.ऐ. को दफा १९ को उपदफा (२) बमोजिम समेत सजाय हुन।

**ग) प्रतिवादी उपभोक्ता समितिका अध्यक्ष राम सागर कपडी सुडिको हकमाः**

प्रतिवादीहरुले उक्त योजनाको अनुगमन गरी गलत प्रतिवेदन पेश गरेकोले निजको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा ऐ.ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन साथै उक्त प्रतिवेदन अनुसार नै गलत भुक्तानी भएको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को

उपदफा (४) को कसूर समेत गरेको देखिएकोले ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो रू. १,०८,९५३।२२ कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी उक्त बिगो जफत हुन।

**घ) उपभोक्ता समितिका अध्यक्ष रामजी साहु सुडि, कोषाध्यक्ष अशोक कुमार पजियार र सचिव नजबुल खातुनको हकमाः**

प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको देखिएकोले निज प्रतिवादीहरू रामजी साहु सुडि, अशोक कुमार पजियार र नजबुल खातुनलाई ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन तथा निजहरूलाई रू.१,०८,९५३।२२ विगोको आधारमा कैद र बिगो बमोजिम जरिवाना गरी बिगो जफत हुन समेतको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८, दफा २९ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८०/०९/२४ को फैसलाबाट प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएकोमा उक्त मुद्दा प्रतिवादीहरुलाईः

क. योजनाको बढी रकम रु.१,०८,९५३।२२ भुक्तानी हुन गएको भन्ने उपभोक्ता समितिले सूचना पाउनासाथ राष्ट्रिय वाणिज्य बैंक लि.को बलवा नगरपालिकाको राजश्व खातामा बढी भुक्तानी भएको भनिएको रकम भन्दा बढी रकम रु.१,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ) फिर्ता दाखिला गरी भौचर समेत नगरपालिकामा पेश गरी सकेको भनि एकै मिलान वेहोराको प्रतिवादी हिरालाल मण्डलले अदालतको वयानको क्रममा र प्रतिवादी जितकुमार यादबले लेखाई दिएको देखिन आएको।

ख. भ्रष्टाचारको कसूर प्रमाणित हुनको लागि मनसाय तत्वको साथै बदनियतपूर्ण क्रियाबाट कार्यकारण भएको भन्ने प्रष्ट रुपमा देखिनु पर्नेमा सो भएको नदेखिएको।

ग. नभए नगरेको कामको फर्जी विल भरपाई बनाई बढी परिमाण देखाई बढी रकम लिई खाएको वा बदनियतपूर्वक झुट्टा विल भरपाई बनाई भुक्तानी लिने/दिने वा विलको दोहोरो भुक्तानी लिने दिने कार्य गरेको नदेखिएको।

घ. प्रतिवादीहरु उपरको आरोपदावी बस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि हुन नआएको लगायतका आधारमा प्रतिवादीहरुले आरोपित कसूरबाट सफाइ पाउने भनी सफाई दिएकोमा आयोगबाट देहायका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/०९ गते पुनरावेदन गरिएको छ।

**देहायः**

क) आयोगको कार्यालय बर्दिवासबाट स्थलगतरूपमा खटि गएको टोलीले योजनाको स्थलगत अवलोकन, अध्ययन, अनुगमन, निरीक्षण गरी निर्माण कार्यको प्राविधिक नापजाँच गर्दा बलवा नगरपालिका वडा नं. ३ मा मुस्लिम सामुदायिक भवन निर्माणको कार्यमा सोको Plinth Tie Beam को Long Wall को हकमा नापी कितावमा ३ वटा ०.२५*०.२५ साईजको उल्लेख गरिएकोमा जम्मा २ वटा Tie Beam ०.२५*०.२५ साईजको रहेको १ वटामा जम्मा ४ ईन्चको डि.पि.सि. कार्य भएको देखिएको, Slab Beam को साईज ०.२५*०.१५ मिटर, विमको उचाई ९" हुनुपर्नेमा ६" मात्रै भएको देखिएको, Column Concreting को हकमा पनि Column up to Plinth Level र Column-Foundation to slab level उल्लेख गरिएको हुनाले Foundation to Plinth level को Column Concreting को परिमाण दोहोरो रूपमा नापी किताबमा उल्लेख गरिएको, Slab को साईज ५.२० मि.*४.१५ मिटर र मोटाई ५" रहेको भएतापनि नापी किताबमा Slab को साईज ५मि.*५मि. उल्लेख गरिएको, नापी किताबमा केही गणितीय गुणनमा समेत त्रुटि रहेकोले पी.सी.सी. ढलानको कार्यमा ७.७५ घनमिटर फरक परी १,०८,९५३।२२ को कैफियत देखिएको हुँदा कमसल सामाग्री प्रयोग गरी इष्टिमेट बमोजिम कार्य नगरी बढी मूल्याङ्कन तयार गरी भुक्तानी लिने दिने कार्य गरी रकम हिनामिना गरेको र सो भवनको केही ठाउँमा डण्डी बाहिरै देखिएको, Poor Workmanship को कारणले गर्दा फर्मा र ढलानको कार्य सन्तोषजनक नरहेको र केही भागहरूमा Honey Comb Structure भएको देखिएको भनि प्रतिवेदकहरु शा.अ.भिम कुमार बस्नेत र ई.सबिन कासुला समेतको प्रतिवेदनबाट देखिन आएकोले बस्तुनिष्ठ तथ्य प्रमाणहरुबाट निज प्रतिवादीहरुले बदनियतपूर्वक काम गरेको पुष्टि भएकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुलाई मूल्याङ्कन नगरी सबै प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको।

ख) प्रतिवादी हिरालाल मण्डलले अनुसन्धानको क्रममा र अदालतमा वयान गर्दा मुस्लिम सामुदायिक भवनको Plinth Level Tie Beam र Slab डायरीमा लेख्दा २-२ वटा लेखिएको तर कम्प्युटरमा इन्ट्री गर्दा भूलबस ३-३ Plinth Level Tie Beam लेखिन गएको

हुँदा मानवीय त्रुटिका कारण बढी भुक्तानी भएको हुन सक्छ।कम्प्युटर बाट भएको भुलले गर्दा रु.१,०८,९५३।२२ बढी भुक्तानी भएको हो भनि वयान गरेको।अर्का प्रतिवादी सब इन्जिनियर जितकुमार यादवले समेत अनुसन्धान अधिकारी र अदालत समक्ष वयान गर्दा उक्त भवनमा Tie Beam २ वटा साईज( ५.५*०.२५*०.२५) Short Tie Beam २ वटा साईज (४.६०*०.२५*०.२५) Slab Beam Long Six ५.५*०.२५*०.२५, Short Size ४.६०*०.२५*०.२५ थियो। फिल्डमा नापी गर्न जाँदा Plinth Level Tie Beam र Slab beam डायरीमा लेख्दा २-२ वटा लेखिएको तर Computer मा इन्ट्रि गर्दा भूलबस ३-३ Plinth & Slab Beam लेखिन गएकोले मानवीय त्रुटी भएको हुन सक्छ, त्यसकारण बढी भुक्तानी भएको हुन सक्छ। नापी किताबमा मेजरमेन्ट उल्लेख गर्दा पहिला Foundation को नापी ईन्ट्रि गरियो र पुनः Foundation को नापी जोडिएर सुपर स्ट्रम्चरमा आएको हुन सक्छ। वढी कामको चापले र जनशक्तीको कमिले तथा नापी गर्दा भूलबस दोहोरो नापी उल्लेख हुन गएको हुन सक्छ। भूलबस एउटै कामको दोहोरो भुक्तानी भएको हुन सक्छ भनि वयान वेहोरामा उल्लेख गरेको देखिदा इष्टिमेट बमोजिमको कार्य नभएको भन्ने तथ्य स्पष्ट भई कसूर गरेको निर्विवाद रुपमा पुष्टी भएको।

निज प्रतिवादीहरुले बलवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको परिक्रमा रोडदेखि ईदरिश नदाफको घर हुँदै विजलवा टोलको तारगाछीसम्म पी.सी.सी. र मुस्लिम सामुदायिक भवन निर्माण योजनाको कार्य स्थलमा मिति २०७५।०३।०३, २०७५।०३।२५ र २०७५।१२।०४ मा पुगी पटक/पटक सो योजनाको अनुगमन गरी मुस्लिम सामुदायिक भवन निर्माणमा नभए नगरेको कार्यलाई भए गरेको भनी नापजाँच गरी बदनियतपूर्वक नभए नगरेको कुरा देखाई कार्य सम्पन्न प्रतिवेदनमा रू.१,०८,९५३।२२ को कार्य बढी मूल्याङ्कन गरेर झुट्टा विल बनाई भुक्तानी गरेको भन्ने तथ्यलाई आयोगको कार्यालय बर्दिवासबाट स्थलगतरूपमा खटी गएको टोलीले योजनाको स्थलगत अवलोकन, अध्ययन, अनुगमन, निरीक्षण गरी निर्माण कार्यको प्राविधिक नापजाँच गर्दा फरक भएको देखिनुले यी प्रतिवादीहरुले मिलेमतो गरी बदनियतपूर्वक भए गरेको कामको भन्दा बढी भुक्तानी लिनु दिनु गरी भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भएको। उल्लिखित तथ्य र मिसिल संलग्न सबूद प्रमाणहरुबाट प्रतिवादीहरुको कसूरजन्य कार्यलाई अन्यथा ब्याख्या गरेको विशेष अदालतको फैसला गंभिर त्रुटिपूर्ण रहेको।

ग) मिति २०७५।०२।०२ मा वडाध्यक्ष राजदेव कपडीको अध्यक्षतामा बसेको भेलाबाट भएको निर्णयानुसार ५ सदस्यको अनुगमन तथा रेखदेख समिति गठन गरी निजलाई सो समितिको अध्यक्ष तोकेकोमा निजले बलवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको परिक्रमा रोडदेखि ईदरिश नदाफको घर हुँदै विजलवा टोलको तारगाछीसम्म पी.सी.सी. र मुस्लिम सामुदायिक भवन निर्माण योजनाको कार्य स्थलमा गई सो योजनाको अनुगमन गरी मुस्लिम सामुदायिक भवन निर्माणमा नभए नगरेको कार्यलाई भए गरेको भनी बदनियतपूर्वक सम्झौता अनुसार कार्य सम्पन्न भएको भनी मिति २०७५।१२।२० मा गलत प्रतिवेदन दिएको देखिदा देखिदै मिसिल संलग्न सबूद प्रमाणको न्यायोचित मूल्याङ्कन नभएको।

आयोगको स्थलगतरूपमा खटी गएको टोलीले योजनाको स्थलगत अवलोकन, अध्ययन, अनुगमन, निरीक्षण गरी निर्माण कार्यको प्राविधिक नाँपजाँच गरी दिएको प्रतिवेदनबाट निज प्रतिवादी राम सागर कपडी सुडिको उक्त प्रतिवेदन गलत पुष्टि भएको।आयोगको स्थलगतरूपमा खटी गएको टोलीले योजनाको स्थलगत अवलोकन, अध्ययन, अनुगमन, निरीक्षण गरी निर्माण कार्यको प्राविधिक नाँपजाँच गरी दिएको प्रतिवेदनलाई सनाखत एवं समर्थन गरी अदालतमा उपस्थित भई बकपत्र समेत गरी दिएको देखिदा यी प्रतिवादी समेतले भ्रष्टाचारजन्य कसूर गरेको भन्ने तथ्य खम्बिर रुपमा पुष्टि भएको।यसरी बस्तुनिष्ठ तथ्य र सबूद प्रमाणहरुबाट यी प्रतिवादीले कसूर गरेको स्थापित भएको देखिदा देखिदै मिसिल संलग्न तथ्य प्रमाणहरुलाई अनदेखा गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रतिवादीहरू रामजी साहु सुडि, कोषाध्यक्ष अशोक कुमार पजियार र सचिव नजबुल खातुन निर्माण उपभोक्ता समितिका जिम्मेवार पदमा रही कामकाज गरेको।निज प्रतिवादीहरुले उक्त योजनाको निर्माण कार्य गरी मुस्लिम सामुदायिक भवन निर्माणमा नभए नगरेको कार्यलाई भए गरेको भनी बदनियतपूर्वक नभए नगरेका गलत कुरा देखाई भुक्तानी दिए/लिएको देखिएको। आयोगको कार्यालय बर्दिवासबाट स्थलगतरूपमा खटिगएको टोलीले योजनाको स्थलगत अवलोकन, अध्ययन, अनुगमन, निरीक्षण गरी निर्माण कार्यको प्राविधिक नापजाँच गर्दा मुस्लिम सामुदायिक भवन निर्माणको कार्यमा सोको Plinth Tie Beam को Long Wall को हकमा नापी कितावमा ३ वटा ०.२५*०.२५ साईजको उल्लेख गरिएकोमा जम्मा २ वटा Tie Beam ०.२५*०.२५ साईजको रहेको १ वटामा जम्मा ४ ईन्चको डि.पि.सि. कार्य भएको देखिएको, Slab Beam को साईज

०.२५*०.१५ मिटर, विमको उचाई ९" हुनुपर्नेमा ६" मात्रै भएको देखिएको, Column Concreting को हकमा पनि Column up to Plinth Level र Column-Foundation to slab level उल्लेख गरिएको हुनाले Foundation to Plinth level को Column Concreting को परिमाण दोहोरो रूपमा नापी किताबमा उल्लेख गरिएको, Slab को साईज ५.२० मिटर*४.१५ मिटर र मोटाई ५" रहेको भएतापनि नापी किताबमा Slab को साईज ५मि.*५मि. उल्लेख गरिएको, नापी किताबमा केही गणितीय गुणनमा समेत त्रुटि रहेकोले पी.सी.सी. ढलानको कार्यमा ७.७५ घनमिटर फरक परी १,०८,९५३।२२ को कैफियत देखिएको भनि प्रतिवेदन पेश गरेको देखिदा बस्तुनिष्ठ प्रमाणहरुबाट कसूर पुष्टि भई उजुरी वेहोरा समेत समर्थित भएको अवस्थामा निज प्रतिवादीहरुले आरोपदावी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९, को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको पुष्टि हुँदाहुदै मिसिल संलग्न तथ्य प्रमाणहरुलाई नजरअन्दाज गरी यी प्रतिवादीहरुलाई समेत सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

घ) प्रतिवादी हिरालाल मण्डलले अदालतमा वयानको क्रममा र प्रतिवादी जित कुमार यादबले आफ्नो वेहोरा उल्लेख गर्दै बढी रकम रु.१,०८,९५३।२२ भुक्तानी हुन गएको भन्ने उपभोक्ता समितिले सूचना पाउनासाथ राष्ट्रिय वाणिज्य बैंक लि.को बलवा नगरपालिकाको राजश्व खातामा बढी भुक्तानी भएको भनिएको रकम भन्दा बढी रकम रु.१,५०,०००।—फिर्ता दाखिला गरी भौचर समेत नगरपालिकामा पेश गरी सकेको भनि एकै मिलान वेहोरा लेखाई दिएको देखिन आएको भनि विवेचना गरी सर्वोच्च अदालतबाट प्रतिपादित केहि दृष्टान्त समेत उल्लेख गरी विशेष अदालतबाट प्रतिवादीहरुलाई सफाई दिने आधार ग्रहण गरेको फैसला न्यायपूर्ण नरहेको। सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसँग सम्बद्द मुद्दा र प्रस्तुत मुद्दाका तथ्य र कसूर प्रकृति विलकूल भिन्न हुँदा फैसलामा उदृत सिद्धान्त यस मुद्दमा आकर्षित हुन सक्दैनन्। यस मुद्दाका प्रतिवादीहरुले बदनियतपूर्वक भ्रष्टाचारजन्य कसूर गरी पछि सजायबाट उन्मुक्ति पाउने मनसायले रकम जम्मा गर्दैमा फौजदारी कसूरको दायित्वबाट उन्मुक्ति पाउने होईन जुन फौजदारी न्याय प्रणालीको मान्य सिद्धान्त विपरित रहेको।

प्रतिवादीहरुले उक्त सरकारी रकम हानि नोक्सानी गरेको रकम के कुन मितिमा राजश्व दाखिला गरेको हो भन्ने सम्वन्धमा प्रतिवादीहरुको वयान तथा विशेष अदालतको फैसलामा समेत उल्लेख नभएको। प्रतिवादीहरुले बदनियतपूर्वक हानि नोक्सानी गरेको विगो रकम मुद्दा अनुसन्धान हुँदा वा मुद्दा दायर भए पश्चात राजश्व दाखिला गरेको अवस्था भए पनि निज प्रतिवादीहरुको गैरकानूनी लाभ लिने मनसायले बदनियतसाथ भ्रष्टाचारजन्य कार्य गरेको प्रष्ट भई भ्रष्टाचारजन्य कसूरबाट उन्मुक्ति नपाउने। नेपाल सरकार वि. माधव सुवेदी भएको सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दामा (मुद्दा नं. ०७५-CR-२३७३, फैसला मिति २०८०/१०/२३) सर्वोच्च अदालतले " भ्रष्टाचार र बेरुजु निश्चय पनि फरक फरक विषय हो। बेरुजु भन्नाले आर्थीक कारोबार हेर्दा वा जाँच्दा लेखा परीक्षणले दर्साएको अनियमित कलम, वेरीतसँग भएको वा रीत भाँत नमिलेको, रुजु गर्दा नमिलेको, रुजु नगरिएको वा नभएको भन्ने शब्दकोशमा अर्थ्याइएको। सो परिभाषाबाट नै आर्थिक कारोवारमा आर्थिक कार्यविधि नमिलेको कारणबाट लेखा परिक्षणले औंल्याउने अनियमिततालाई सम्बोधन गर्न खोजेको। यस्तो बेरुजूमा कार्यविधि सम्म नमिलेको भई वदनियत तत्वको स्थान रहेको हुँदैन। प्रस्तुत मुद्दामा यी प्रतिवादीले आर्थिक कार्यविधिगत त्रुटी गरेको मात्र नभई उठाएको राजश्व लामो समय सम्म बैंक दाखिला नगरी व्यक्तिगत प्रयोजनको लागि लिई खाएको अवस्था देखिएको। सो विषयमा उजुरी परी अनुसन्धान भएपछि मात्र कारवाहीबाट बच्नको लागि रकम दाखिला गरेकोबाट नै निजको बदनीयत स्पष्ट देखीन आउँछ" भनी सिद्धान्त प्रतिपादन भएकोमा प्रतिवादीहरुले बदनियतपूर्वक सरकारी रकम हानि नोक्सानी गरेको पुष्टि भई निजहरु उपर अनुसन्धान तहकिकातको कार्य सम्पन्न भई मुद्दा दायर भए पश्चात रकम दाखिला गर्नु सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त समेतको प्रतिकुल हुने गरी फैसला भएको देखिंदा बदरभागी रहेको।

ङ) प्रतिवादीहरु पलवी ठाकुर(प्रतिवादी स्व.बालवीर ठाकुरको श्रीमती) र रौनित ठाकुर( प्रतिवादी स्व.बालवीर ठाकुरको छोरा) को हकमा हेर्दा प्रतिवादी बालवीर ठाकुर जिल्ला महोत्तरी, वलवा नगरपालिकाको तत्ककालीन प्रमुख कार्यकारी अधिकृतको पदमा कार्यरत रहेका र सो पदमा कार्यरत रहँदा निजले इष्टिमेट बमोजिम नभएको कार्यलाई बढी मूल्याङ्कन गरेर झुट्टा विल स्वीकृत गरी भुक्तानी दिने समेतको कार्यमा प्रमूख भूमिका निर्वाह गरी सरकारी रकम हानि नोक्सानी गरेको पुष्टि भएकोमा निजको मृत्यु भई सकेको भन्ने देखिदा निज उपर हानि नोक्सानी भएको विगो असूल उपर गर्न प्रतिवादी कायम गरी आरोपपत्र दायर भएको र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा

१३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मृत्यु भएको व्यक्तिको हकमा समेत सरकारी वा निजी विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था बमोजिम बालवीर ठाकुरले जीवित अवस्थामा कसूर गरी प्राप्त गरेको विगो निजका अंशियारहरूबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम रू.१,०८,९५३।२२ असूल उपर गर्ने प्रयोजनको लागि मात्र बालवीर ठाकुरको हक खाने अंशियारहरू पलवी ठाकुर र रौनित ठाकुरबाट उक्त बिगो असूल उपर हुन तर्फ मागदाबी लिइएकोमा निज प्रतिवादीहरुको हकमा समेत सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **बालवीर ठाकुर समेत भएको** (वि.अ. को( मुद्दा नं. ०७९-CR-००७५ वि.अ. को फैसला मिति २०८०।०९।२४ | भवन निर्माणमा झुटा विल भर्पाई बनाई भुक्तानी समेत दिई/लिई भ्रष्टाचार गरेको। | जिल्ला महोत्तरी बलवा नगरपालिकको आ.व. ०७४/०७५ को नगर परिषद्‌बाट स्वीकृत वजेट अनुसार जिल्ला महोत्तरी, बलवा नगरपालिका, वडा नं. ३ स्थित परिक्रमा रोडदेखि ईदरिश नदाफको घर हुँदै विजलवा टोलको तारगाछीसम्म पी.सी.सी. र मुस्लिम सामुदायिक भवन निर्माणको लागि बलवा नगरपालिका र उपभोक्ता समूह बीच सम्झौता भई उक्त योजनाको अन्तिम मूल्याङ्कन रू.४३,२०,४७९।०४ भएकोमा उपभोक्ता समितिलाई रू.३८,४१,१६२।५० भुक्तानी भएकोमा नापी किताबमा पी.सी.सी. ढलानको कार्यको परिमाण १७.११ घनमिटर उल्लेख भएतापनि स्थलगत निरीक्षण/नापजाँच गर्दा सो परिमाण ९.३६ घनमिटर गरिएकोले ७.७५ घनमिटर कम कार्य भई रू. १,०८,९५३।२२ बढी भुक्तानी हुन गएको देखिँदा यसरी बद्नियतपूर्वक नभए नगरेको कार्य देखाई भए गरेको भनी गलत नापी किताब र कार्य सम्पन्न प्रतिवेदनसम्म तयार गरी/गराई गलत भुक्तानी दिई/लिई प्रतिवादीहरुको मिलेमतो र संलग्नतामा भ्रष्टाचारजन्य कार्य गरी रकम हिनामिना गरेको पुष्टी भएकोले प्रतिवादी बलवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, महोत्तरीका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत स्वर्गीय बालवीर ठाकुरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूर गरेको र नभए नगरेको कामलाई भए गरेको भनी कार्य सम्पन्न | **१. फैसलाः**<br>सबै प्रतिवादीहरु बालवीर ठाकुर, हिरालाल मण्डल,जितकुमार यादव, राम सागर कपडी सुडि,रामजी साहु सुडि,अशोक कुमार पजियार,नजबुल खातुन,पलवी ठाकुर र रौनित ठाकुरलाई आरोपित कसूरवाट सफाई पाउने ठहर गरी मिति २०८०।०९।२४ मा फैसला भएको<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एवं आधारहरु :**<br>क) योजनाको बढी रकम रु.१,०८,९५३।२२ भुक्तानी हुन गएको भन्ने उपभोक्ता समितिले सूचना पाउनासाथ राष्ट्रिय वाणिज्य बैंक लि.को बलवा नगरपालिकाको राजश्व खातामा बढी भुक्तानी भएको भनिएको रकम भन्दा बढी रकम रु.१,५०,०००।–(एक लाख पचास हजार रुपैयाँ) फिर्ता दाखिला गरी भौचर समेत नगरपालिकामा पेश गरी सकेको भनि एकै मिलान वेहोराको प्रतिवादी हिरालाल मण्डलले यस अदालतको वयानको क्रममा स.ज.२२ र प्रतिवादी जितकुमार यादबले स.ज.२० मा लेखाई दिएको देखिन आएको।<br>ख) भ्रष्टाचारको कसूर प्रमाणित हुनकोलागि मनसाय तत्वको साथै बदनियतपूर्ण क्रियाबाट कार्यकारण भएको भन्ने प्रष्ट रुपमा देखिनु पर्नेमा सो भएको नदेखिएको।<br>ग) नभए नगरेको कामको फर्जी विल भरपाई बनाई बढी परिमाण देखाई बढी रकम लिए खाएको वा | क) आयोगको कार्यालय बर्दिवासबाट स्थलगतरूपमा खटि गएको टोलीले योजनाको स्थलगत अवलोकन, अध्ययन, अनुगमन, निरीक्षण गरी निर्माण कार्यको प्राविधिक नापजाँच गर्दा बलवा नगरपालिका वडा नं. ३ मा मुस्लिम सामुदायिक भवन निर्माणको कार्यमा सोको Plinth Tie Beam को Long Wall को हकमा नापी कितावमा ३ वटा ०.२५*०.२५ साईजको उल्लेख गरिएकोमा जम्मा २ वटा Tie Beam ०.२५*०.२५ साईजको रहेको १ वटामा जम्मा ४ ईन्चको डि.पि.सि. कार्य भएको देखिएको, Slab Beam को साईज ०.२५*०.१५ मिटर, विमको उचाई ९" हुनुपर्नेमा ६" मात्रै भएको देखिएको, Column Concreting को हकमा पनि Column up to Plinth Level र Column-Foundation to slab level उल्लेख गरिएको हुनाले Foundation to Plinth level को Column Concreting को परिमाण दोहोरो रूपमा नापी किताबमा उल्लेख गरिएको, Slab को साईज ५.२० मि.*४.१५ मिटर र मोटाई ५" रहेको भएतापनि नापी किताबमा Slab को साईज ५मि.*५मि. उल्लेख गरिएको, नापी किताबमा केही गणितीय गुणनमा समेत त्रुटि रहेकोले पी.सी.सी. ढलानको कार्यमा ७.७५ घनमिटर फरक परी १,०८,९५३।२२ को कैफियत देखिएको हुँदा कमसल सामाग्री प्रयोग गरी इष्टिमेट बमोजिम कार्य नगरी बढी मूल्याङ्कन तयार गरी भुक्तानी लिने दिने कार्य गरी रकम हिनामिना गरेको र सो भवनको केही ठाउँमा डण्डी बाहिरै देखिएको, Poor Workmanship को कारणले गर्दा फर्मा र ढलानको कार्य सन्तोषजनक नरहेको र केही भागहरूमा Honey Comb Structure भएको देखिएको भनि प्रतिवेदकहरु शा.अ.भिम कुमार बस्नेत र ई.सबिन कासुला समेतको प्रतिवेदन बाट देखिन आएकोले बस्तुनिष्ठ तथ्य प्रमाणहरुबाट निज प्रतिवादीहरुले बदनियतपूर्वक काम गरेको पुष्टि भएकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुलाई मूल्याङ्कन नगरी सबै प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।<br>ख) प्रतिवादीहरू बलवा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, महोत्तरीका तत्कालीन सब-इन्जिनियर हिरालाल मण्डल र जितकुमार यादवको हकमा हेर्दा, निज प्रतिवादी हिरालाल मण्डलले अनुसन्धानको क्रममा र अदालतमा वयान गर्दा मुस्लिम सामुदायिक भवनको Plinth Level Tie Beam र Slab डायरीमा लेख्दा २-२ वटा लेखिएको तर कम्प्युटरमा इन्ट्री गर्दा भूलबस ३-३ Plinth Level Tie Beam लेखिन गएको हुँदा मानवीय त्रुटिका कारण बढी भुक्तानी भएको हुन सक्छ। कम्प्युटरबाट भएको भुलले गर्दा रु.१,०८,९५३।२२ बढी भुक्तानी भएको हो भनि वयान गरेको देखिन्छ।यसै गरी सोहि योजनाका सब इन्जिनियर अर्का प्रतिवादी जितकुमार यादवले समेत अनुसन्धान अधिकारी र अदालत समक्ष वयान गर्दा उक्त भवनमा Tie Beam २ वटा साईज( ५.५*०.२५*०.२५) Short Tie Beam २ वटा साईज (४.६०*०.२५*०.२५) Slab Beam Long Six ५.५*०.२५*०.२५, Short Size ४.६०*०.२५*०.२५ थियो। फिल्डमा नापी गर्न जाँदा Plinth Level Tie Beam र Slab beam डायरीमा लेख्दा २-२ वटा लेखिएको तर Computer मा इन्ट्रि गर्दा भूलबस ३-३ Plinth & Slab Beam लेखिन गएकोले मानवीय त्रुटी भएको हुन सक्छ, त्यसकारण बढी भुक्तानी भएको हुन सक्छ। नापी किताबमा मेजरमेन्ट उल्लेख गर्दा पहिला Foundation को नापी ईन्ट्रि गरियो र पुनः Foundation को नापी जोडिएर सुपर स्ट्रम्चरमा आएको हुन सक्छ। वढी कामको चापले र जनशक्तीको कमिले तथा नापी गर्दा भूलबस दोहोरो नापी उल्लेख हुन गएको हुन सक्छ। भूलबस एउटै कामको दोहोरो भुक्तानी भएको हुन सक्छ भनि वयान वेहोरामा उल्लेख गरेको देखिदा इष्टिमेट बमोजिमको कार्य नभएको भन्ने तथ्य स्पष्ट भई कसूर गरेको निर्विवाद रुपमा पुष्टी भएको।<br>निज प्रतिवादीहरु हिरालाल मण्डल र जितकुमार यादवले बलवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको परिक्रमा रोडदेखि ईदरिश नदाफको घर हुँदै विजलवा टोलको तारगाछीसम्म पी.सी.सी. र मुस्लिम सामुदायिक भवन निर्माण योजनाको कार्य स्थलमा मिति २०७५।०३।०३, २०७५।०३।२५ र २०७५।१२।०४ मा पुगी पटक/पटक सो योजनाको अनुगमन गरी मुस्लिम सामुदायिक भवन निर्माणमा नभए नगरेको कार्यलाई भए गरेको भनी नापजाँच गरी बदनियतपूर्वक नभए नगरेको कुरा देखाई कार्य सम्पन्न प्रतिवेदनमा रू.१,०८,९५३।२२ को कार्य बढी मूल्याङ्कन गरेर झुट्टा विल बनाई भुक्तानी गरेको भन्ने तथ्यलाई आयोगको कार्यालय बर्दिवासबाट स्थलगतरूपमा खटी गएको टोलीले योजनाको स्थलगत अवलोकन, अध्ययन, अनुगमन, निरीक्षण गरी निर्माण कार्यको प्राविधिक नापजाँच गर्दा फरक भएको देखिनुले यी प्रतिवादीहरुले मिलेमतो गरी बदनियतपूर्वक भए गरेको कामको भन्दा बढी भुक्तानी लिनु दिनु गरी भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भएको छ।उल्लिखित तथ्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवेदन स्वीकृत गरेको देखिँदा ऐ. ऐनको दफा १९ को उपदफा (२) को कसूर समेत गरेको देखिएता पनि निजको मिति २०७९।०४।२४ मा मृत्यु भएको भनी मृत्यु दर्ता प्रमाणपत्रबाट देखिंदा निज उपरको कसूरमा सजायको मागदावी नगरेको तर मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मृत्यु भएको व्यक्तिको हकमा समेत सरकारी वा निजी विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था भए बमोजिम बालवीर ठाकुरले जीवित अवस्थामा कसूर गरी प्राप्त गरेको विगो निजको शेष पछि हक खाने हकवाला अंशियारहरूबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम रू.१,०८,९५३।२२ असूल उपर गर्ने प्रयोजनको लागि बालवीर ठाकुरको हक खाने अंशियारहरू पलवी ठाकुर र रौनित ठाकुरबाट उक्त बिगो असूल उपर हुन तर्फ मात्र मागदाबी लिइएको ।<br>यसै गरी अन्य प्रतिवादीहरू बलवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, महोत्तरीका तत्कालीन सब-इन्जिनियर हिरालाल मण्डल र जितकुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूरमा ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम निजहरूलाई बिगो रू.१,०८,९५३।२२ कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असूल उपर हुन साथै सो योजनामा नभए नगरेको कामलाई भए गरेको भनी कार्य सम्पन्न प्रतिवेदन | बदनियतपूर्वक झुट्टा विल भरपाई बनाई भुक्तानी लिने,दिने वा विलको दोहोरो भुक्तानी लिने दिने कार्य गरेको नदेखिएको।<br>घ) प्रतिवादीहरु उपरको आरोपदावी बस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि हुन आएको नदेखिएको । | र मिसिल संलग्न सबूद प्रमाणहरुबाट प्रतिवादीहरुको कसूरजन्य कार्यलाई अन्यथा व्याख्या गरेको विशेष अदालतको फैसला गंभिर त्रुटिपूर्ण देखिएकोले बदरभागी रहेको।<br>ग) बलवा नगरपालिका वडा नं. ३ परिक्रमा रोडदेखि ईदरिश नदाफको घर हुँदै विजलवा टोलको तारगाछीसम्म पी.सी.सी. र मुस्लिम सामुदायिक भवन निर्माण कार्यको अनुगमन समितिका अध्यक्ष प्रतिवादी राम सागर कपडी सुडिको हकमा हेर्दा, मिति २०७५।०२।०२ मा वडाध्यक्ष राजदेव कपडीको अध्यक्षतामा बसेको भेलाबाट भएको निर्णयानुसार ५ सदस्यको अनुगमन तथा रेखदेख समिति गठन गरी निजलाई सो समितिको अध्यक्ष तोकेकोमा निजले बलवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको परिक्रमा रोडदेखि ईदरिश नदाफको घर हुँदै विजलवा टोलको तारगाछीसम्म पी.सी.सी. र मुस्लिम सामुदायिक भवन निर्माण योजनाको कार्य स्थलमा गई सो योजनाको अनुगमन गरी मुस्लिम सामुदायिक भवन निर्माणमा नभए नगरेको कार्यलाई भए गरेको भनी बदनियतपूर्वक सम्झौता अनुसार कार्य सम्पन्न भएको भनी मिति २०७५।१२।२० मा गलत प्रतिवेदन दिएको देखिदा देखिँदै मिसिल संलग्न सबूद प्रमाणको न्यायोचित मूल्याङ्कन भएको छैन<br>आयोगको स्थलगतरूपमा खटी गएको टोलीले योजनाको स्थलगत अवलोकन, अध्ययन, अनुगमन, निरीक्षण गरी निर्माण कार्यको प्राविधिक नाँपजाँच गरी दिएको प्रतिवेदनबाट निज प्रतिवादी राम सागर कपडी सुडिको उक्त प्रतिवेदन गलत पुष्टि भएको देखिन्छ।आयोगको स्थलगतरूपमा खटी गएको टोलीले योजनाको स्थलगत अवलोकन, अध्ययन, अनुगमन, निरीक्षण गरी निर्माण कार्यको प्राविधिक नाँपजाँच गरी दिएको प्रतिवेदनलाई सनाखत एवं समर्थन गरी अदालतमा उपस्थित भई बकपत्र समेत गरी दिएको देखिदा यी प्रतिवादी समेतले भ्रष्टाचारजन्य कसूर गरेको भन्ने तथ्य खम्बिर रुपमा पुष्टि भएको छ।यसरी बस्तुनिष्ठ तथ्य र सबूद प्रमाणहरुबाट यी प्रतिवादीले कसूर गरेको स्थापित भएको देखिदा देखिँदै मिसिल संलग्न तथ्य प्रमाणहरुलाई अनदेखा गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी रहेको।<br>घ) प्रतिवादीहरू रामजी साहु सुडि, कोषाध्यक्ष अशोक कुमार पजियार र सचिव नजबुल खातुनको हकमा हेर्दा निज प्रतिवादीहरु बलवा नगरपालिका वडा नं. ३ परिक्रमा रोडदेखि ईदरिश नदाफको घर हुँदै विजलवा टोलको तारगाछीसम्म पी.सी.सी. र मुस्लिम सामुदायिक भवन निर्माण उपभोक्ता समितिका जिम्मेवार पदमा रहि कामकाज गरेको देखिएको छ। उपभोक्ता समितिका अध्यक्ष रामजी साहु सुडि, कोषाध्यक्ष अशोक कुमार पजियार र सचिव नजबुल खातुनले उक्त योजनाको निर्माण कार्य गरी मुस्लिम सामुदायिक भवन निर्माणमा नभए नगरेको कार्यलाई भए गरेको भनी बदनियतपूर्वक नभए नगरेका गलत कुरा देखाई भुक्तानी दिए/लिएको देखिएको छ। आयोगको कार्यालय बर्दिवासबाट स्थलगतरूपमा खटिगएको टोलीले योजनाको स्थलगत अवलोकन, अध्ययन, अनुगमन, निरीक्षण गरी निर्माण कार्यको प्राविधिक नापजाँच गर्दा मुस्लिम सामुदायिक भवन निर्माणको कार्यमा सोको Plinth Tie Beam को Long Wall को हकमा नापी कितावमा ३ वटा ०.२५*०.२५ साईजको उल्लेख गरिएकोमा जम्मा २ वटा Tie Beam ०.२५*०.२५ साईजको रहेको १ वटामा जम्मा ४ ईन्चको डि.पि.सि. कार्य भएको देखिएको, Slab Beam को साईज ०.२५*०.१५ मिटर, विमको उचाई ९" हुनुपर्नेमा ६" मात्रै भएको देखिएको, Column Concreting को हकमा पनि Column up to Plinth Level र Column-Foundation to slab level उल्लेख गरिएको हुनाले Foundation to Plinth level को Column Concreting को परिमाण दोहोरो रूपमा नापी किताबमा उल्लेख गरिएको, Slab को साईज ५.२० मिटर*४.१५ मिटर र मोटाई ५" रहेको भएतापनि नापी किताबमा Slab को साईज ५मि.*५मि. उल्लेख गरिएको, नापी किताबमा केही गणितीय गुणनमा समेत त्रुटि रहेकोले पी.सी.सी. ढलानको कार्यमा ७.७५ घनमिटर फरक परी १,०८,९५३।२२ को कैफियत देखिएको भनि प्रतिवेदन पेश गरेको देखिदा बस्तुनिष्ठ प्रमाणहरुबाट कसूर पुष्टि भई उजुरी वेहोरा समेत समर्थित भएको देखिदा निज प्रतिवादीहरुले आरोपदावी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९, को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको पुष्टि हुँदाहुदै मिसिल संलग्न तथ्य प्रमाणहरुलाई नजरअन्दाज गरी यी प्रतिवादीहरुलाई समेत सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ।<br>ङ) प्रतिवादी हिरालाल मण्डलले अदालतमा वयानको क्रममा स.ज.२२ र प्रतिवादी जित कुमार यादवले स.ज.२० मा आफ्नो वेहोरा उल्लेख गर्दै बढी रकम रु.१,०८,९५३।२२ भुक्तानी हुन गएको भन्ने उपभोक्ता समितिले सूचना पाउनासाथ राष्ट्रिय वाणिज्य बैंक लि.को बलवा नगरपालिकाको राजश्व खातामा बढी भुक्तानी भएको भनिएको रकम भन्दा बढी रकम रु.१,५०,०००।–(एक लाख पचास हजार रुपैयाँ) फिर्ता दाखिला गरी भौचर समेत नगरपालिकामा पेश गरी सकेको भनि एकै मिलान वेहोरा लेखाई दिएको देखिन आएको भनि विवेचना गरी सर्वोच्च अदालतबाट प्रतिपादित केहि दृष्टान्त समेत उल्लेख गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बनाएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसूरमा ऐ.ऐ. को दफा १९ को उपदफा (२) बमोजिम समेत सजाय हुन मागदावी लिईएको।<br>प्रतिवादी राम सागर कपडी सुडिले उक्त योजनाको अनुगमन गरी गलत प्रतिवेदन पेश गरेकोले निजको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा ऐ.ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन साथै सो अनुगमन प्रतिवेदन अनुसार नै गलत भुक्तानी भएको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसूर समेत गरेको देखिएकोले निज प्रतिवादी राम सागर कपडी सुडिलाई ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो रू. १,०८,९५३।२२ कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी उक्त बिगो जफत हुन समेत मागदाबी लिइएको।<br>उपभोक्ता समितिका अध्यक्ष रामजी साहु सुडि, कोषाध्यक्ष अशोक कुमार पजियार र सचिव नजबुल खातुनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको देखिएकोले निज प्रतिवादीहरू रामजी साहु सुडि, अशोक कुमार पजियार र नजबुल खातुनलाई ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन तथा निजहरूलाई रू.१,०८,९५३।२२ बिगोको आधारमा कैद र बिगो बमोजिम जरिवाना गरी बिगो जफत हुन समेतको मागदाबी लिइएको। | | विशेष अदालतबाट प्रतिवादीहरुलाई सफाई दिने आधार ग्रहण गरेको फैसला न्यायपूर्ण छैन। सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसँग सम्बद्द मुद्दा र प्रस्तुत मुद्दाका तथ्य र कसूर प्रकृति विलकूल भिन्न हुँदा फैसलामा उदृत सिद्धान्त यस मुद्दमा आकर्षित हुन सक्दैनन्। यस मुद्दाका प्रतिवादीहरुले बदनियतपूर्वक भ्रष्टाचारजन्य कसूर गरी पछि सजायबाट उन्मुक्ति पाउने मनसायले रकम जम्मा गर्दैमा फौजदारी कसूरको दायित्वबाट उन्मुक्ति पाउने होईन जुन फौजदारी न्याय प्रणालीको मान्य सिद्धान्त विपरित रहेको।<br>प्रतिवादीहरुले उक्त सरकारी रकम हानि नोक्सानी गरेको रकम के कुन मितिमा राजश्व दाखिला गरेको हो भन्ने सम्वन्धमा प्रतिवादीहरुको वयान तथा विशेष अदालतको फैसलामा समेत उल्लेख भएको देखिदैन। प्रतिवादीहरुले बदनियतपूर्वक हानि नोक्सानी गरेको बिगो रकम मुद्दा अनुसन्धान हुँदा वा मुद्दा दायर भए पश्चात राजश्व दाखिला गरेको अबस्था भए पनि निज प्रतिवादीहरुको गैरकानूनी लाभ लिने मनसायले बदनियतसाथ भ्रष्टाचारजन्य कार्य गरेको प्रष्ट भई भ्रष्टाचारजन्य कसूरबाट उन्मुक्ति पाउने होईन।<br>नेपाल सरकार वि. माधव सुवेदी भएको सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दामा (मुद्दा नं. ०७५-CR-२३७३, फैसला मिति २०८०/१०/२३) सर्वोच्च अदालतले “ भ्रष्टाचार र बेरुजु निश्चय पनि फरक फरक विषय हो। बेरुजु भन्नाले आर्थीक कारोबार हेर्दा वा जाँच्दा लेखा परीक्षणले दर्साएको अनियमित कलम, वेरीतसँग भएको वा रीत भाँत नमिलेको, रुजु गर्दा नमिलेको, रुजु नगरिएको वा नभएको भन्ने शब्दकोशमा अर्थ्याइएको पाइन्छ। सो परिभाषाबाट नै आर्थिक कारोवारमा आर्थिक कार्यविधि नमिलेको कारणबाट लेखा परिक्षणले औंल्याउने अनियमिततालाई सम्बोधन गर्न खोजेको देखिन्छ। यस्तो बेरुजूमा कार्यविधि सम्म नमिलेको भई वदनियत तत्वको स्थान रहेको हुँदैन। बदनियतको अभाव भएको अवस्थामा आकर्षित हुन सक्दैन। प्रस्तुत मुद्दामा यी प्रतिवादीले आर्थिक कार्यविधिगत त्रुटी गरेको मात्र नभई उठाएको राजश्व लामो समय सम्म बैंक दाखिला नगरी व्यक्तिगत प्रयोजनको लागि लिई खाएको अवस्था देखिन्छ। सो विषयमा उजुरी परी अनुसन्धान भएपछि मात्र कारवाहीबाट बच्नको लागि रकम दाखिला गरेकोबाट नै निजको बदनीयत स्पष्ट देखीन आउँछ।” भनी सिद्धान्त प्रतिपादन भएकोमा प्रतिवादीहरुले बदनियतपूर्वक सरकारी रकम हानि नोक्सानी गरेको पुष्टि भई निजहरु उपर अनुसन्धान तहकिकातको कार्य सम्पन्न भई मुद्दा दायर भए पश्चात रकम दाखिला गर्नु सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त समेतको प्रतिकुल हुने गरी फैसला भएको देखिंदा बदरभागी रहेको।<br>च) प्रतिवादीहरु पलवी ठाकुर(प्रतिवादी स्व.बालवीर ठाकुरको श्रीमती) र रौनित ठाकुर( प्रतिवादी स्व.बालवीर ठाकुरको छोरा) को हकमा हेर्दा प्रतिवादी बालवीर ठाकुर जिल्ला महोत्तरी, वलवा नगरपालिकाको तत्ककालीन प्रमुख कार्यकारी अधिकृतको पदमा कार्यरत रहेका र सो पदमा कार्यरत रहंदा निजले इष्टिमेट बमोजिम नभएको कार्यलाई बढी मूल्याङ्कन गरेर झुट्टा विल स्वीकृत गरी भुक्तानी दिने समेतको कार्यमा प्रमूख भूमिका निर्वाह गरी सरकारी रकम हानि नोक्सानी गरेको पुष्टि भएकोमा निजको मृत्यु भई सकेको भन्ने देखिदा निज उपर हानि नोक्सानी भएको विगो असूल उपर गर्न प्रतिवादी कायम गरी आरोपपत्र दायर भएको र मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मृत्यु भएको व्यक्तिको हकमा समेत सरकारी वा निजी विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था बमोजिम बालवीर ठाकुरले जीवित अवस्थामा कसूर गरी प्राप्त गरेको विगो निजका अंशियारहरूबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम रू.१,०८,९५३।२२ असूल उपर गर्ने प्रयोजनको लागि मात्र बालवीर ठाकुरको हक खाने अंशियारहरू पलवी ठाकुर र रौनित ठाकुरबाट उक्त बिगो असूल उपर हुन तर्फ मागदाबी लिइएकोमा निज प्रतिवादीहरुको हकमा समेत सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।<br>अतःमाथि उल्लिखित आधार कारणहरुबाट विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरुलाई आरोपदावी बमोजिमको कसुर ठहर तथा सजाय नगरी विशेष अदालत,काठमाडौबाट भएको फैसला त्रुटिपूर्ण रहेकोले विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरुलाई आरोपपत्र मागदाबी बमोजिम कसूर ठहर गरी सजाय हुन। |